# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

भदौ १०, २०७७

### कारागारमा कोभिड-१९ को संक्रमण फैलिँदै गएकोमा आयोगको चिन्ता

### स्वास्थ्य सम्बन्धी हक र बाँच्न पाउने अधिकार सुनिश्चित गर ।

काठमाडौंको केन्द्रीय कारागार तथा बाँके, सुनसरी, सिराहा, पर्सालगायतका कारागारहरुमा रहेका कैदी-बन्दी तथा कारागारको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी एवम् कर्मचारीहरुमा समेत कोभिड-१९ को संक्रमण बढ्दै जाँदा उत्पन्न त्रासको अवस्थाप्रति आयोगको ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आयोगले आज कारागार व्यवस्थापन विभागसँग जानकारी लिएको छ। देशका ७१ वटा कारागारहरुमा हाल २१ हजारभन्दा बढी कैदी-बन्दी रहेका छन्।

देशका अधिकांश कारागारहरुमा क्षमताभन्दा अधिक संख्यामा विगत लामो समयदेखि कैदी-बन्दीहरु रहेको आयोगको यस अघिको अनुगमनहरुबाट पाइएको छ । कोभिड-१९ को संक्रमण बढेसँगै कारागारहरुमा अत्यधिक संख्यामा रहेका कैदी-बन्दीहरुले असुरक्षित महसुस गरी स्वास्थ्य सुरक्षा र जीवन रक्षाको लागि आयोग समक्ष अनुरोध गरेका छन्। कारागारको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी र कर्मचारीहरुमा समेत त्रास सिर्जना भएको पाइएको छ। बिरामी भएका कैदी-बन्दीलाई उपचार गर्न लैजाँदा तथा कारागारभित्र नयाँ कैदी-बन्दी भित्रिँदा समेत कोरोनाको जोखिम उच्च रहने देखिन्छ।

अतः क्षमताभन्दा अधिक संख्यामा कैदी-बन्दी रहेका कारागारहरुमा कोभिड-१९ को संक्रमणप्रति संवेदनशील भई कैदी-बन्दी, सुरक्षाकर्मी तथा कर्मचारीहरुको स्वास्थ्य सुरक्षामा उच्च सतर्कता अपनाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। साथै नयाँ कैदी-बन्दीको पीसीआर परीक्षण गरिए पनि पछि पनि संक्रमण हुन सक्ने संभावना रहेकोले कारागारमा पठाइने नयाँ कैदी-बन्दीलाई निश्चित अवधिका लागि अन्य कैदी-बन्दीहरुबाट छुट्टै राख्ने व्यवस्था गरी कारागारभित्र रहेका कैदी-बन्दीहरुको स्वास्थ्य सम्बन्धी हक र बाँच्न पाउने अधिकार संरक्षण गर्न, गराउन पनि आयोग नेपाल सरकारलाई आग्रह
गर्दछ।

.......................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org